स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



आगामी भदौ २१ गतेदेखि रिलिज हुने फिल्म 'रावायण' को नायिका पूजा शर्मा समावेश भएको पोस्टर सार्वजनिक गरिएको छ । पुजालाई भने रिसाएको देख्न सकिन्छ । उनले कसैलाई आँखा तर्किएर आफ्नो रिसाएको भाव देखाएकी छन् । दुवैको पृष्ठभूमिमा 'एसिड आक्रमण गर्ने अपराधीलाई कारबाही गर' भन्ने ब्यानरसहित प्रहरी कार्यालय अगाडि प्रदर्शन गरिरहेका एक समूहलाई देख्न सकिन्छ ।

आजको विचार...



विश्वमा...
(दुई पेजमा)

कृष्णहरि केसी



भदौ १४ गतेदेखि प्रदर्शन तयारीमा रहेको फिल्म 'वर एण्ड वधु' ले तीन नयाँ पोस्टर सार्वजनिक गरेको छ । सार्वजनिक पोस्टरमध्ये दुई पोस्टरमा अभिनेत्री आँचल शर्मा र डेब्यु एक्टर विवेक कर्माचार्यलाई रोमान्टिक अवतारमा देखाइएको छ । अर्को एक पोस्टरमा भने फिल्मका अधिकांश कलाकार अटाएका छन् । मिलन चाम्सको निर्देशनमा तयार भएको यो फिल्ममा गरिमा शर्मा लगायतका कलाकारको अभिनय छ । प्रदीप भारद्वाजको पटकथा लेखन रहेको फिल्मका कार्यकारी निर्माता डा. अमित रिजाल हुन् ।

❐ वर्ष ३० ❐ अंक २९ ❐ २०८१ साउन २९ गते मंगलबार 13 August 2024, Tuesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### भागदौडमा सातको मृत्यु

(रासस/एएनआई)

**जेहनाबाद,** साउन २८ /भारतको एक मन्दिरमा सोमबार भएको भागदौडमा कम्तीमा सात जनाको मृत्यु हुनुका साथै अन्य नौ जना घाइते भएका छन् । बिहार राज्यको जेहनाबाद जिल्लाको मखदुमपुरस्थित बाबा सिद्धनाथ मन्दिरमा भागदौडपछि उक्त दु:खद् घटना भएको हो ।

घटनाको पुष्टि गर्दै जेहानाबादका जिल्ला प्रशासक अलङ्कृता पाण्डेले बाबा सिद्धनाथ मन्दिरमा भएको भागदौडमा मृतक तथा घाइतेको पुष्टि गर्दै हाललाई स्थिति नियन्त्रणमा रहेको बताएका छन् । भागदौड कसरी सुरू भयो भन्ने बिषयमा तत्काल कुनै जानकारी प्राप्त हुनसकेको छैन । जेहानाबादका प्रहरी प्रमुख दिवाकर कुमार विश्वकर्माले 'जिल्ला प्रशासक र प्रहरी उपरीक्षक घटनास्थलमा गई घटनाको जानकारी लिइरहेको बताएका छन् । उनीहरूका अनुसार शवहरू पोस्टमार्टमका लागि पठाइँदै छ । यसैबीच, जेहानाबादका प्रहरी अधिकारी विकास कुमारले घटना प्रति दुख: व्यक्त गर्दै उचित व्यवस्था सुरक्षा हुदाँहुदै पनि दुखद: घटना घट्न पुगेको उल्लेख गर्नुभएको छ । उनका अनुसार घटनाको बारेमा अनुसन्धान भइरहेको छ ।

## विषालु च्याउ खाँदा एकै परिवारका ८ जना बिरामी

# कसरी चिन्ने विषालु च्याउ ?

**हाम्रा संवाददाता**

**गुल्मी,** साउन २८/गुल्मीमा विषालु च्याउ खाँदा एकै परिवारका ८ जना विरामी भएका छन् । जिल्लाको रेसुङ्गा नगरपालिका- ८, खानीगाउँमा जंगली च्याउ खादा आठ जना बिरामी परेका हुन् । आइतबार साँझ विषालु च्याउ खाँदा रेसुङ्गा नगरपालिका-८ खानीगाउँका टोमबहादुर थापा श्रीसको परिवार बिरामी परेको बताइएको छ ।

विरामी हुनेहरुमा ६५ वर्षीय टोमबहादुर थापा, निजकी श्रीमती ६२ वर्षीय दिलकुमारी श्रीस, छोराहरु ३८ वर्षीय लक्ष्मण थापा, २९ वर्षीय विकास थापा, नातिनीहरु १० वर्षीय दिपदीका थापा, १२ वर्षीया विनिसा थापा, छोरीहरु ४२ वर्षीया सिर्जना काउछा र पाहुनाका रुपमा आएकी ३९ वर्षीया गीता थापा जंगली च्याउ खाएर बिरामी परेका हुन् । रेसुङ्गा सामुदायिक वनबाट ल्याएको च्याउ खाएका उनीहरू बिरामी परेका थिए । डल्ले च्याउ जस्तो देखिने जंगली च्याउ खादा उनीहरु बिरामी परेको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक रामकुमार





केसीले बताए । टोपबहादुर थापाका जेठो ज्वाइँ ओसन काउछाले च्याउ टिपेर ल्याएका थिए । उक्त च्याउ परिवार बसी पकाएर खाँदा बान्ता गरेका थिए । उनीहरुको जिल्ला अस्पताल तम्घासमा सामान्य उपचारपछि थप उपचारको लागि लुम्बिनी मेडिकल कलेज प्रभास पाल्पा रिफर गरिएको हो । अहिले उनीहरुको लुम्बिनी मेडिकल कलेजमा उपचार भइरहेको छ । अवस्था सुधार हुँदै गएको अस्पतालले जनाएको छ । हरेक वर्षाको समयमा जङ्गलबाट ल्याएको च्याउ खाँदा सर्वसाधारण नागरिक विरामी पर्नुका साथै अकालमै ज्यान समेत जाने गरेका समाचारहरु आउने गर्दछन् । वर्षा याममा चौर, पाखा, पखेरो, खोंचमा च्याउ उम्रन्छन् । यससँगै गाउँघरमा च्याउ टिप्न जाने गरिन्छ । तर, विषालु च्याउको पहिचान हुन नसक्दा जङ्गली च्याउ खाएर मान्छे मर्ने क्रम भने अझै पनि रोकिन सकेको छैन् । वर्षा याममा उम्रने सबै च्याउ मानवीय उपभोगका लागि लाभदायक हुँदैनन् । अझ कतिपय च्याउ त विषालु हुने हुँदा विचार गरेर मात्र खानुपर्ने विज्ञहरू बताउँछन् । जङ्गली च्याउमा पाइने मस्किमोल, आइबोटेनिक एसिड, इण्डोलिक एसिडले शरीरलाई हानि गर्ने चिकित्सक बताउँछन् ।

**कसरी चिन्ने विषालु च्याउ ?**

बाहिरी आवरण हेरेर मात्र च्याउ विषालु हो कि होइन भन्ने छुट्याउन सकिंदैन् । तैपनि विषालु च्याउको छाता खस्रो हुने र खान हुने च्याउको छाता छुँदा चिप्लो हुने विज्ञहरू बताउँछन् । जङ्गलमा उम्रिएको कुनै च्याउबाट नमीठो गन्ध आएको छ र त्यसमा झुसको मात्रा अत्यधिक छ भने त्यो च्याउ विषालु हुन्छ । च्याउबाट तीतो स्वादको गन्ध आएको छ र च्याउ रङ्गीचङ्गी छ भने पनि त्यो विषालु हुन्छ । त्यस्तै, च्याउलाई भाँच्दा त्यसबाट चोप निस्कन्छ र हातले छुँदा त्यसको रङ फेरिन्छ भने पनि त्यस्तो च्याउ विषालु हुने गर्दछ । विषालु च्याउ झट्ट हेर्दा आकर्षक र सफा देखिन्छ । खानयोग्य च्याउको आयु छोटो हुने र केही दिनमै ओइलाउँछ । विषालु च्याउ भने धेरै दिनसम्म उस्तै रहिरहन्छ ।

**विषालु च्याउ खाँदा देखिने लक्षण**

विषालु च्याउ खाएपछि शरीरमा विभिन्न लक्षण देखिन्छन् । जस्तै- आँखाबाट आँसु आउने, मुखबाट र्‍याल निस्कने, जिब्रो सुन्निने, बान्ता आउने, पखाला चल्ने, घाँटीमा खसखस हुने तथा सुन्निने, बेहोस हुने आदि । यसर्थ, विषालु च्याउ खाएर समस्या हुनासाथ अस्पताल लैजानुपर्छ । सम्भव भएमा विषालु जङ्गली च्याउ खाएको थाहा हुने बित्तिकै बान्ता गराउने र बिरामीलाई जतिसक्दो छिटो स्वास्थ केन्द्र लैजानुपर्ने चिकित्सक बताउँछन् ।

## हाइस दुर्घटनामा ७ जना घाइते




**पाल्पा,** साउन २८/पाल्पामा हाइस दुर्घटना हुँदा ७ जना घाइते भएका छन् । जिल्लाको तिनाउ गाउँपालिका -५ जोरधारास्थित सिद्दार्थ राजमार्गमा बुटवलदेखि पोखरातर्फ आउँदै गरेको ग २ ख १२२५ नम्बरको हाइस सोमबार दुर्घटना हुँदा गाडीमा सवार ८ जना मध्ये ७ जना घाइते भएका हुन् ।

हाइस अचानक अनियन्त्रित हुन जादाँ सडक किनारको पर्खालमा ठोकिन गई दुर्घटना भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । दुर्घटनामा परी तानसेन नगरपालिका- १० की ३० वर्षीया लक्ष्मी कार्की, नवलपरासी पश्चिम सरावल गाउँपालिका -७ का ३० वर्षीय राजेश गुप्ता, सोही ठाउँका २५ वर्षीय रामु सहानी, २२ वर्षीय मेराज मञ्चुरी, २९ वर्षीय दिपेन्द्र कुमार कुसहवा, स्याङ्जाको भिरकोट नगरपालिका- ९ का ५४ वर्षीय तारापति रेग्मी र पोखरा उपमहानगरपालिका-२२ का ५० वर्षीय रमेश के.सी घाइते भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक सन्दिप बेल्वासेले जानकारी दिए ।

घाइतेहरुको लुम्विनी मेडिकल कलेज प्रभासमा उपचार भइरहेको छ । चालक वालिङ नगरपालिका-६ स्याङ्जाका ३७ वर्षीय शेखर कोइरालालाई प्रहरीले नियन्त्रणमा लिई थप अनुसन्धान अगाडि बढाएको छ ।

## एक वर्षमा ६७ लाखको सागसब्जी बिक्री

**वालिङ(स्याङ्जा),**साउन २८/जिल्लाको वालिङमा रहेको त्रियासी कृषि उपज तथा बजार व्यवस्थापन सहकारीले एक वर्षमा ६७ लाख बढीको सागसब्जी बिक्री गरेको छ । वालिङ नगरपालिका-१ त्रियासीमा रहेको सहकारीले गत आर्थिक वर्ष २०८०/८१ मा ६७ लाख २५ हजार दुई सय ९९ सागसब्जी बिक्री गरेको हो ।

सहकारीमा आवद्ध भएका कृषक शेयर सदस्यहरुले आ-आफ्नो खेतबारीमा उत्पादन भएका सागसब्जी सहकारीले संकलन गरी बिक्री गर्दै आएको सहकारीका अध्यक्ष अर्जुनप्रकाश अर्यालले बताए । 'यहाँका कृषकले ठूलो परिमाणमा विभिन्न प्रजातिका सागसब्जी र फलफूल उत्पादन गरी सहकारीमा ल्याउन्छन्', उनले भने,'सहकारीले स्थानीय बजारका साथै पोखरा, बुटवल, काठमाडौँ लगेर बिक्री गर्न समन्वय गरिरहेको छ ।'

कृषकले उत्पादन गरेका सागसब्जीलाई बजार समस्या नरहेको बताउँदै अध्यक्ष अर्यालले उत्पादित सागसब्जी र फलफूलहरु सहकारीको



सङ्कलन केन्द्रमा राखेर बिक्री गर्दै आएको जानकारी दिए । 'कृषकबाट सङ्कलन गरिएका कृषि उपज केन्द्रमा सङ्कलन गरी राख्छौँ । स्थानीय व्यापारी यहाँ आएर खरिद गरेर लैजान्छन्', उनले भन, 'ठूलो परिमाणमा उत्पादन हुँदा सहकारीको सवारीसाधनमार्फत स्याङ्जा, बुटवल, पोखरालगायत सहरका बजारमा लगेर बिक्री गर्दै आएका छौँ ।' कृषकले केन्द्रमा सागसब्जी, फलफूल तथा अन्य कृषि उपज ल्याएपछि सोको विवरण सहकारीका कर्मचारीले लिने गरेका बताउँदै अध्यक्ष अर्यालले बिक्रीपछि आम्दानी सहकारीमा रहेको कृषकको खातामा राखिदिने व्यवस्था गरिएको जानकारी दिए । उनका अनुसार सहकारीले कृषि उपजको परिमाणका आधारमा प्रतिकिलो तीन खर्च कटाउँदै आएको छ । कटौती गरिएको रकमबाट कृषकलाई आयमूलक सीप विकासका लागि विभिन्न तालिम, गोष्ठी तथा अवलोकन भ्रमण गराउने, सहकारीको कार्यक्षेत्रभित्र सिँचाइ, कृषि सडक विस्तार र स्तरोन्नति गर्ने, साना कृषकको आर्थिक तथा सामाजिक स्थितिमा सुधार ल्याउने कार्यमा प्रयोग गरिँदै आइएको सहकारीका अध्यक्ष अर्यालले उल्लेख गरे । 'सहकारीमार्फत कृषकहरुलाई आवश्यक पर्ने सेवा सुविधा उपलब्ध गराउने सरोकार भएका निकायसँग सम्पर्क गराउँदै व्यावसायिक क्षमता विकासमा सहयोग पुऱ्याउँदै आएका छौँ', उनले भने, 'कृषकलाई समूहमा आबद्ध गराइ सरल, सुलभ र प्रभावकारी ढङ्गले कृषि कर्जा वितरण गरिरहेका छौँ ।'

उत्पादित सागसब्जीको बिक्रीमा बजारको समस्या नभएको यहाँका अगुवा कृषक लीलाबल्लभ काप्लेले बताए । गत आवमा तीन लाख बढीको सागसब्जी सहकारीमा बिक्री गरेको उनले जानकारी दिए । 'चौध रोपनी क्षेत्रफलमा गोलभेँडा, काक्रा, बोडी, बोडा, घिरौँला, करेला, बन्दा, काउली उत्पादन गरी बिक्री गर्दै आइरहेको छु', उनले भने 'घरबाटै बिक्री गर्नेभन्दा सहकारीमार्फत गर्दा सहज हुनाका साथै एकैमुस्ट रकम प्राप्त हुन्छ ।' उत्पादित कृषि उपज सहकारीमा लगेर तौलेर छोडेपछि बजार मूल्यका आधारमा सहकारीमा रहेको आफ्नो खातामा रकम आउने कापल्लेले उल्लेख गरे ।

-बाँकी अन्तिम पेनमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

## सम्पादकीय

### बढ्दो डेंगी संक्रमणप्रति सचेत हौं

पाल्पालगायत देशैभर डेंगी संक्रमण बढ्दो छ । घाम लाग्ने र पानी पर्ने भइरहेकाले यसको संक्रमण दिनहुँ बढ्दै गएको छ । पाल्पामा जनावरी १ यता एक सय १५ जनामा डेंगी संक्रमण देखिएको छ । यो संख्या अझ बढ्न सक्ने अनुमान गर्न सकिन्छ । बढ्दो संक्रमणले आमजनतामा अत्यास निम्त्याएको छ । कोरोना महामारीजस्तो आइसोलेसनमा बसेर निको नहुने यो डेंगीको महामारी बढी चिन्ताजनक पनि छ । डेंगी रोगको संक्रमण विस्तार हुँदै जाँदा यसले थप चिन्ता बढाएको छ । डेंगी बिरामी आफैंमा अत्तालिने, मुर्छा पर्ने र यो रोगका संकेत पनि गम्भीर प्रकृतिका देखा पर्ने भएकाले यसले प्रभावित गर्ने वातावरण सोचेभन्दा डरलाग्दो र अत्यासमय हुन्छ । डाक्टरले बिरामीलाई तपाईलाई डेंगु भएको छ, यो वा त्यो गर्नुस् वा नगर्नुस् भनेर निर्देशन दिने र ढाडस दिने गरे पनि बिरामीमा रहने गरेको डरमा कमी भएको देखिँदैन ।

मनसुनसँगै लामखुट्टेको प्रजननका लागि अनुकूल अवस्था बन्न सक्ने र संक्रमितको संख्यासमेत बढ्न सक्ने हुन्छ । दिनहुँ डेंगी संक्रमितहरु बढ्दै गएपनि सुरक्षा सतर्कतामा भने ध्यान दिएको देखिँदैन । डेंगी हुन नदिन लामखुट्टेको टोकाइबाट बच्नु सबैभन्दा ठूलो उपाय हो । यस अवस्थामा नागरिक स्वयं सचेत भई जनस्वास्थ्यप्रति ध्यान दिन आवश्यक छ । घरवरिपरि पानी जम्न नदिने, झाडी सफा गर्ने, पूरा बाहुला भएको कपडा लगाएर मात्र घरबाहिर हिंड्ने, झ्यालढोकामा जाली राख्ने, झुलभित्र सुत्ने गर्नाले पनि लामखुट्टेको टोकाइबाट बच्न सकिन्छ । मनसुनको समयमा कहिले घाम त कहिले पानी हुँदा त्यसले पर्याप्त लामखुट्टेलाई बढाउन सक्ने कारणले अहिलेको समय डेंगीका लागि निकै नै जोखिमयुक्त मानिन्छ । अझै केही जोखिम कायमै रहने चिकित्सकहरुले बताएका छन् । अहिलेको अवस्थामा हेलचेक्र्याइँ गर्नुहुँदैन । त्यसले ज्यान पनि लिन सक्ने हुनाले उक्त अवस्था आउन नदिन स्वयम व्यक्ति आफै सतर्क र सचेत हुनैपर्छ ।

## Opinion @ Social Network

कसैको पाउ पर्नु जरुरी छैन !
बस बाटो सही रोज्नुहोस्, गन्तव्य आफै मिल्छ ।
*(पुरन सारुको फेसबुक स्टाटसबाट www.facebook.com/Puran.Saru)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# युवाको दायित्व र जिम्मेवारी



**कृष्णहरि केसी**

> *समृद्धि श्रमबाट मात्रै सम्भव छ र श्रम गर्न सक्ने सबैभन्दा बढी क्षमता युवामै हुन्छ । नेपाली युवाहरूको शिक्षा, सीप र रोजगारीको वर्तमान अवस्था सन्तोषजनक छैन । जसले देशको सामाजिक र आर्थिक विकासमा प्रत्यक्ष असर पारेको छ । आधारभूत शिक्षा (कक्षा १-८) मा भर्ना दर ९० प्रतिशतभन्दा माथि छ तर एसईई उत्तीर्ण दर अत्यन्त कमजोर छ । यसमाथि शिक्षा र सीपको तालमेल छैन । विश्व बजारमा टिक्न सक्ने र बिक्न सक्ने शिक्षाको अभावले हाम्रा कलेजहरू बिस्तारै विद्यार्थीविहीन बन्दै गइरहेका छन् । अर्थात् अध्ययनसँगै अवसरको खोजीमा युवाको ठूलो पंक्ति बिदेसिने क्रम चलिरहेकै छ । युवाहरूको ठूलो हिस्सा वैदेशिक रोजगारीमा निर्भर छ, जसले गर्दा देशमा उत्पादनशीलता घटेको छ । औद्योगिक क्षेत्रको विकास ठप्प प्रायः छ । नेपाली समाजमा विद्यमान रुढिग्रस्त मूल्य-मान्यताबाट कतिपय युवा समेत ग्रसित छन् । कामलाई जात र लिङ्कका आधारमा छुट्ट्याउने पुरानो सोच केही हदसम्म समाजमा अझै पनि हाबी छ ।*

अगस्ट १२ अर्थात् अन्तर्राष्ट्रिय युवा दिवस । प्रत्येक वर्ष १२ अगस्टमा मनाइने अन्तर्राष्ट्रिय युवा दिवसले युवा पुस्ताको भूमिका, चुनौतीहरू र भविष्यको सम्भावनालाई उजागर गर्न महत्त्वपूर्ण अवसर प्रदान गरिरहेको छ । युनेस्कोका अनुसार, विश्वभर ६० लाखभन्दा बढी युवा शिक्षा प्रणालीबाट बाहिर छन् । यसका विभिन्न कारण छन् । तल्लो आय भएका देशहरू (खासगरी अफ्रिकी राष्ट्रहरू)मा युवाको बेरोजगारी दर उच्च छ । कोरोना महामारीको प्रभावले युवाहरूको मानसिक स्वास्थ्यमा ठूलो असर पारेको छ । कतिपय देशका युवामा डिप्रेसन, चिन्ता र अन्य मानसिक स्वास्थ्यसम्बन्धी समस्या बढिरहेका छन् । आविष्कार गर्न, राजनीतिक परिवर्तन गर्न वा समृद्धि ल्याउन युवाहरूकै भूमिका विशेष हुन्छ । त्यस कारण युवाका बारेमा विभिन्न कोणबाट बहस हुन आवश्यक छ ।

**नेपालमा युवाको अवस्था**

हाम्रो देशमा विभिन्न समयमा राजनीतिक परिवर्तन गर्न युवाहरू आन्दोलन वा विद्रोहमा संलग्न हुँदै आए । निरंकुश जहानियाँ राणाशासन फालेर प्रजातन्त्र ल्याउन होस्, पञ्चायती व्यवस्था ढालेर बहुदलीय व्यवस्था ल्याउन होस् युवाकै अर्थात् युवा आन्दोलनकै भूमिका महत्त्वपूर्ण रह्यो । पछिल्लो समय निरंकुश राजतन्त्र फालेर संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न पनि विभिन्न तहमा युवाहरूको बलिदानी रहेको छ । यतिखेर हामीकहाँ १६ देखि ४० वर्ष उमेर समूहलाई युवा मानिन्छ । पछिल्लो जनगणना अनुसार यो उमेर समूहको जनसङ्ख्या ४२.५६ प्रतिशत (१,२४,१२,१२३) रहेको छ । यस्तै, कुल जनसङ्ख्यामध्ये १५ देखि ५९ वर्ष उमेर समूहको जनसङ्ख्या ६१.९६ प्रतिशत छ । जनसङ्ख्याको यो स्थिति अर्थात् काम गर्न सक्ने जनशक्ति यति ठूलो सङ्ख्यामा रहनुलाई जनसाङ्ख्यिक लाभांश मानिन्छ । समृद्धि श्रमबाट मात्रै सम्भव छ र श्रम गर्न सक्ने सबैभन्दा बढी क्षमता युवामै हुन्छ । नेपाली युवाहरूको शिक्षा, सीप र रोजगारीको वर्तमान अवस्था सन्तोषजनक छैन । जसले देशको सामाजिक र आर्थिक विकासमा प्रत्यक्ष असर पारेको छ । आधारभूत शिक्षा (कक्षा १-८) मा भर्ना दर ९० प्रतिशतभन्दा माथि छ तर एसईई उत्तीर्ण दर अत्यन्त कमजोर छ । यसमाथि शिक्षा र सीपको तालमेल छैन । विश्व बजारमा टिक्न सक्ने र बिक्न सक्ने शिक्षाको अभावले हाम्रा कलेजहरू बिस्तारै विद्यार्थीविहीन बन्दै गइरहेका छन् । अर्थात् अध्ययनसँगै अवसरको खोजीमा युवाको ठूलो पंक्ति बिदेसिने क्रम चलिरहेकै छ । युवाहरूको ठूलो हिस्सा वैदेशिक रोजगारीमा निर्भर छ, जसले गर्दा देशमा उत्पादनशीलता घटेको छ । औद्योगिक क्षेत्रको विकास ठप्प प्रायः छ । नेपाली समाजमा विद्यमान रुढिग्रस्त मूल्य-मान्यताबाट कतिपय युवा समेत ग्रसित छन् । कामलाई जात र लिङ्कका आधारमा छुट्ट्याउने पुरानो सोच केही हदसम्म समाजमा अझै पनि हाबी छ । लैङ्गिक असमानता र जातीय विभाजनले युवा पुस्तालाई समेत विभाजन गरेको अवस्था छ । नेपाली राजनीतिमा युवाहरूको राजनीतिक सहभागिता व्यापक छ । यद्यपि हरेक विद्रोहमा निर्णायक भूमिकामा रहेका युवाहरू नीति-निर्माण तहमा हस्तक्षेप गर्न चुकिरहेका छन् । युवाको अधिकारका लागि पनि हामीकहाँ अलि फराकिलो रूपमा बहस आवश्यक छ । हामीकहाँ १६ वर्षमा नागरिकता पाइन्छ तर १८ वर्ष पुगेपछि मात्रै मतदान गर्न पाइन्छ । स्थानीय तहमा २१ वर्ष, प्रदेश र प्रतिनिधि सभामा २५ वर्ष र राष्ट्रिय सभामा ३५ वर्ष उमेर तोकिएको छ । यस्तै ४५ वर्ष पुगेपछि मात्रै राष्ट्रपतिको उम्मेदवार हुन सकिन्छ । यस्ता प्रावधानले धेरै क्षमतावान् युवालाई बार-बन्देज भइरहेको छ । विज्ञता र परिपक्वता युवा उमेरमा हासिल गर्नै नसकिने होइन । मताधिकार भएको उमेरमा उम्मेदवार हुन पनि पाउनुपर्छ । यसो भयो भने युवाहरू कार्यकर्ता मात्रै होइनन्, नीति-निर्माता बन्न सक्छन् भन्ने मान्यता विकास हुन्छ ।

**युवाको दायित्व**

युवाहरू संविधान, लोकतन्त्र र मानव अधिकारका विषयमा शिक्षित र सचेत हुनैपर्छ । युवाहरू जिम्मेवार नागरिक नबनी लोकतान्त्रिक व्यवस्था संस्थागत र बलियो हुँदैन । विभिन्न दल तथा क्षेत्रमा रहेका चेतनशील युवाले सामाजिक न्यायका लागि आवाज उठाउने मात्रै होइन, संघर्ष गर्नुपर्नेछ । श्रमको अधिकार, महिला अधिकार, बाल अधिकार, उत्पीडित र अल्पसङ्ख्यक समुदायका अधिकार आदिको संरक्षणका लागि युवाहरू सचेत र आन्दोलित हुन आवश्यक छ । संविधान, कानुन, नीति तथा कार्यक्रमहरूको कार्यान्वयनका लागि र आवश्यक नीति निर्माणका लागि राज्यलाई युवाहरूले झकझकाइरहनुपर्छ । युवाहरू प्रायः पारदर्शिता र उत्तरदायित्वका पक्षधर हुन्छन् । युवाको संलग्नता र युवाको आवाजले राजनीतिक र नीतिगत प्रक्रियामा पारदर्शिता बढाउन मद्दत पुऱ्याउँछ । युवाहरूले भ्रष्टाचार, अनियमितता, कुशासनका विरुद्धमा र सुशासनको पक्षमा सशक्त भूमिका खेलिरहेका छन् । जसले गर्दा राजनीतिक प्रणालीमा उत्तरदायित्व को भावना बढ्छ । नागरिक समाजमा विश्वसनीय वातावरण सिर्जना हुन्छ । नागरिक समाजले युवाहरूको राजनीतिक सहभागितालाई प्रवर्द्धन गर्न महत्त्वपूर्ण भूमिका खेलिरहेका हुन्छन् । राजनीतिक विश्लेषकले अनुमान गर्नै नसक्ने राजनीति होइन, सिंगो समाजले अनुमान गर्न सक्ने र समुदायले पत्याउने सुसंस्कारयुक्त राजनीति आजको आवश्यकता हो । राजनीति र नीति निर्माण तहमा युवाहरूको संलग्नता वृद्धि गर्नु सजिलो काम होइन । यसका लागि सरकार, राजनीतिक दल र नागरिक समाजले सहयोग गर्न आवश्यक छ । युवाहरूलाई प्रभावकारी रूपमा राजनीतिमा संलग्न गराउन सकियो भने देशको विकास, समृद्धि, लोकतन्त्र र सामाजिक न्यायमा महत्त्वपूर्ण भूमिका खेल्नेछन् ।

**जिम्मेवारी**

नेपाली राजनीति लामो समयदेखि एक किसिमले अस्थिर रहँदै आएको छ । एकातिर लगातार सरकार परिवर्तन भइरहन्छ, अर्कोतिर दलहरूबिचमा विभिन्न किचलो उब्जिरहन्छह भ्रष्टाचार उस्तै छ । इत्यादि कारण युवाहरूमा राजनीतिक प्रणालीप्रति निराशा बढेको छ । धेरैजसो युवाहरू राजनीतिक स्थायित्व हुने वा देशमा समृद्धि आउनेमा विश्वस्त छैनन् । त्यसैले युवामा आशा जगाउन राज्यले र युवा स्वयंले पहलकदमी गर्नुपर्नेछ । नेपाली युवाहरूले सूचना प्रविधि ( आईटी), विभिन्न एप र सफ्टवेयर लगायत क्षेत्रमा रुचि देखाएको र काम गरेको पनि देखिन्छ । हामीकहाँ राज्यले युवाका लागि गर्नुपर्ने जिम्मेवारी र युवाले राज्यका लागि गर्नुपर्ने जिम्मेवारी धेरै छन् । युवाले विज्ञान र प्रविधिको क्षेत्रमा काम गर्ने हो भने देश छिटै समृद्धिको यात्रामा अगाडि बढ्न सक्छ । यसका लागि राज्यले युवालाई विज्ञान र प्रविधिका विषय पढाउन प्राथमिकता दिनुपर्छ । हामीलाई कृषि लगायत विभिन्न क्षेत्रमा प्रगति गर्न विज्ञान र प्रविधि आवश्यक छ । विज्ञान र प्रविधिलाई हाम्रो कृषि लगायत उत्पादनसँग जोड्नका लागि धेरै नै गर्न बाँकी छ । राष्ट्रिय उत्पादन बढाउनेदेखि वातावरण जोगाउने सम्मका काममा युवाको विशेष भूमिका रहन्छ । त्यसैले राज्यले राष्ट्रिय आवश्यकता हेरी युवा जनशक्ति उत्पादन गर्नुपर्छ । अर्कोतिर राजनीतिमा लागेका युवाले आफ्ना संगठनलाई सशक्त बनाउन जरुरी छ । संगठनात्मक संरचनालाई सुदृढ गर्न, स्पष्ट लक्ष्यहरू निर्धारण गर्न र दीर्घकालीन रणनीतिहरू तयार पार्न युवाले विशेष ध्यान दिनुपर्छ । यस्तो अभ्यासले नयाँ पुस्ताबाट नेता जन्मने सम्भावना बढ्छ ।

***-रातोपाटी डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**

बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**

लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**

रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : कार्यमा सफलता लाग्नेछ । धार्मिक कार्यमा सहभागी बन्नु पर्नेछ । | **तुला** : सौन्दर्यतामा धन खर्च हुनेछ । सरकारी निकाएको भय रहला । |
| **वृष** : नयाँ कामको समय मिल्नेछ । सुख, दुख वरावरी खालको समय छ । | **वृश्चिक** : दैनिक कार्यमा प्रगति हुनेछ । धर्म, कर्ममा मन पनि लाग्नेछ । |
| **मिथुन** : जोश जाँगर बढ्नेछ । बिना प्रतिस्पर्धा फाइदा हुने योग छ । | **धनु** : बन्धु बान्धवबाट सहयोग मिल्नेछ । जोश जाँगर र हिम्मत बढ्नेछ । |
| **कर्कट** : साहित्यिक क्षेत्रमा रुची बढ्नेछ। जोश, जाँगर र उमङ्ग बढ्नेछ । | **मकर** : आफन्तको सहयोग मिल्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छ । |
| **सिंह** : अँटिको र ताकेको कार्य पुरा होला । सामाजिक क्षेत्रमा धन खर्च हुनसक्छ । | **कुम्भ** : आत्मबलमा कमी आउनेछ । मनमा दुविधा उत्पन्न हुनेछ । |
| **कन्या** : श्रमको उचित मुल्याङ्कन हुनेछ । मिष्ठान्न भोजनको अवसर मिल्नेछ । | **मीन** : नयाँ कार्य वा रोजगारको अवसर मिल्नेछ । ज्ञान सिक्ने मौका मिल्नेछ । |

प्रविधि

# ८ दिनका लागि भनेर हिंडेका यी अन्तरिक्ष यात्री



जब दुई अमेरिकी अन्तरिक्ष यात्रीहरू ५ जुनमा अन्तर्राष्ट्रिय स्पेस स्टेसनसम्म परीक्षण अभियानमा उडेका थिए, उनीहरू केही दिनमै घर फर्कने आशा गरिरहेका थिए । तर, चीजहरू योजना अनुसार अघि बढेन । ब्यारी 'बुच' विल्मोर र सुनिता विलियम्स लगभग दुई महिनादेखि पृथ्वीमाथिको अन्तरिक्षमा अझै पनि अड्किरहेका छन्। अनिश्चित कालका लागि अड्किएको यो जोडीले अब क्रिसमस र नयाँ वर्ष पनि अन्तरिक्षमा नै बिताउनुपर्ने सम्भावनाको सामना गर्दैछन् । ६१ वर्षीय विल्मोर र ५८ वर्षीया विलियम्सले बोइङ स्टारलाइनर अन्तरिक्ष यानमा स्पेस स्टेसनसम्म उडान भरेका थिए । यस अन्तरिक्ष यानमा मानिसहरूसहितको पहिलो उडान थियो । नयाँ अन्तरिक्ष यानलाई नियमितरूपमा प्रयोग गर्नुअघि कसरी प्रदर्शन गर्छ भनेर हेर्नको लागि यो परीक्षण उडान गरिएको थियो ।

तर, स्टेसन नजिक पुग्दा यस यानमा समस्याहरू देखापरेका थिए । यसको प्रोपल्सन प्रणालीमा चुहावटदेखि यसका केही थ्रस्टरहरू बन्द भए । उनीहरू सुरक्षित रूपमा स्पेस स्टेसनमा त पुगे तर, स्टारलाइनरलाई पृथ्वीमा फर्कन सुरक्षित मानिएन । अब उनीहरूलाई घर फर्कनका लागि वैकल्पिक यान आवश्यक रहेको छ । बुधबारको पत्रकार सम्मेलनमा नासाका अधिकारीहरूले अर्को चरणको बारेमा कुनै ठोस निर्णय नभएको बताए । 'हाम्रो प्रमुख विकल्प बुच र सुनितालाई स्टारलाइनरमा नै फिर्ता गर्नु हो,' नासाको कमर्सियल क्रु कार्यक्रमका प्रबन्धक स्टिभ स्टिचले भने, 'यद्यपि, हामीले अन्य विकल्पहरू खुला छन् भनेर सुनिश्चित गर्न आवश्यक योजना बनाएका छौं ।' 'एक सम्भावित विकल्प विचार गरिँदैछ,' उनले भने, 'दुई अन्तरिक्ष यात्रीहरूलाई सेप्टेम्बरमा प्रक्षेपण हुने मिसनमा संलग्न गर्ने र फेब्रुअरी २०२५ मा त्यो मिसनको साथ पृथ्वीमा फिर्ता गर्ने ।' स्पेस स्टेसनको त्यो उडान स्पेस एक्स क्रु ड्र्यागन क्राफ्टद्वारा निर्माण गरिनेछ । प्रारम्भिक योजना चार चालक दलका सदस्यहरूको लागि थियो, तर आवश्यक भएमा दुईवटा सिट खाली छाड्न सकिने बताइएको छ । त्यो योजनाको अर्थ अन्तरिक्ष यात्रीहरूले अन्तर्राष्ट्रिय स्पेस स्टेसन (आईएसएस) मा आठ दिनको सट्टा आठ महिनाभन्दा बढी समय बिताउनुपर्नेछ । यदि क्रू ड्र्यागन प्रयोग गरिन्छ भने, स्टारलाइनर यानलाई कम्प्युटरको नियन्त्रणमा कुनै पनि चालक दल बिना पृथ्वीमा फर्काइनेछ । तर नासाका अधिकारीहरूले अन्तिम निर्णय आउन एक साता वा बढी लाग्न सक्ने बताएका छन् । नासाका अन्तरिक्ष अपरेसनका निर्देशक केन बोवर्सक्सले पत्रकारहरूलाई दिएको जानकारी अनुसार स्टारलाइनरको अप्रत्याशित फिर्ताको सम्भावना गत हप्ता वा दुई हप्ताको तुलनामा अलिकति अगाडि बढेको छ । 'त्यसैले हामी यसलाई ह्यान्डल गर्न सक्छौं भनेर सुनिश्चित गर्न हामी त्यो विकल्पलाई अझ नजिकबाट हेरिरहेका छौं,' उनले भने । अन्तरिक्ष यात्रीहरूलाई फिर्ता गर्न स्पेसएक्स यान प्रयोग गर्नु बोइङको लागि एक झट्का हुनेछ । किनभने कम्पनीले वर्षौंदेखि उसको अधिक अनुभवी क्रू ड्र्यागनसँग प्रतिस्पर्धा गर्ने प्रयास गर्दै आएको छ । यस हप्ताको सुरुमा, नासाले दुई अन्तरिक्ष यात्रीहरूका लागि लुगाहरूसहित आईएसएसमा थप खाना र आपूर्तिहरू पुऱ्याउन स्पेसएक्स रकेट प्रयोग गरेको थियो । गत महिना छोटो प्रेस ब्रिफिङमा, बुच र सुनिताले उनीहरू फिर्ती यात्रामा 'पूर्ण रूपमा विश्वस्त' रहेको र स्टारलाइनर 'वास्तवमै प्रभावशाली' रहेको बताएका थिए । सुनिता एक सेवानिवृत्त नौसेना हेलिकप्टर पाइलट हुन् भने बुच पूर्व लडाकु जेट पाइलट हुन् जो यसअघि दुई पटक अन्तरिक्षमा गइसकेका थिए । सुनिताले पत्रकारहरूलाई भनिन्, 'हामी यहाँ पूर्ण रूपमा व्यस्त छौँ, दलमा एकीकृत भएका छौँ ।' 'हामीलाई घर फर्किएको जस्तो लाग्छ। यताउता तैरिँदा रमाइलो हुन्छ । अन्तरिक्षमा रहँदा र यहाँ अन्तर्राष्ट्रिय स्पेस स्टेसन टोलीसँग काम गर्न पाउँदा राम्रो लागिरहेको छ,' उनले भनिन् । पहिलो स्टारलाइनर मिसनले स्पेस स्टेसनमा भविष्यमा हुने मिसनको लागि यसको क्याप्सुलको नियमित प्रयोगको लागि मार्ग प्रशस्त गर्ने बोइङले आशा गरेको थियो । स्पेस एक्स क्रु ड्र्यागन २०२० देखि नासाको मिसनहरूको लागि अनुमोदन गरिएको छ । बुच र सुनिताले सुरुमा योजना गरेको भन्दा धेरै समय अन्तरिक्षमा बिताउनु पर्ने भए पनि अरूले पृथ्वीको सतहमाथि योभन्दा धेरै लामो समय बिताइसकेका छन् । रुसी भलेरी पोल्याकोभले सन् १९९० को मध्यमा मिर स्पेस स्टेसनमा ४३७ दिन अन्तरिक्षमा बिताएका थिए । गत वर्ष, फ्रान्क रुबियो ३७१ दिन पछि आईएसएसबाट फर्केका थिए, जुन कुनै अमेरिकीले अन्तरिक्षमा बिताएको सबैभन्दा लामो समय हो । ब्रिफिङ र अन्तर्वार्तामा अन्तरिक्षमा अड्किएका दुई अमेरिकीहरू उनीहरूको अवस्थाको बारेमा उत्साहित छन् । 'हामी यहाँ केही थप हप्ताका बस्नु परेकोमा गुनासो छैन,' सुनिताले गत महिना भनेकी थिइन् ।

*-रातोपाटी डटकम*

# मेटाले माग्यो माफी




हमासका नेता इस्माइल हानियाको हत्याबारे मलेसियी प्रधानमन्त्री अनवर इब्राहिमको सामाजिक सञ्जाल पोस्ट हटाएकोमा टेक जायन्ट कम्पनी मेटाले माफी मागेको छ । अनवरको कार्यालयले मेटा प्रतिनिधिलाई हनियाको मृत्युबारे प्रधानमन्त्रीको फेसबुक र इन्स्टाग्राम पोस्ट हटाएकोमा स्पष्टीकरण माग गरेको एकदिन पछि मेटाले माफी मागेको हो । मेटा दुई लोकप्रिय सामाजिक सञ्जाल 'फेसबुक र इन्स्टाग्राम'को मूल हो । 'प्रधानमन्त्रीको फेसबुक र इन्स्टाग्राम पेजबाट उनको पोस्ट हटाइएकोमा हामी क्षमाप्राथी छौँ', मेटाले एक विज्ञप्तीमार्फत जनाएको छ । 'प्रधानमन्त्रीको उक्त पोस्ट पछि सही समाचार योग्य लेबलको साथ पुनर्स्थापित गरिएको छ ।' अनवरको पोस्टमा हामासका एक अधिकारीसँगको फोनवार्तामा हानियाको मृत्युमा शोक व्यक्त गरेको भिडियो समावेश रहेको थियो । प्यालेस्टिनी सशस्त्र समूह हमासका वरिष्ठ राजनीतिक नेता इस्माइल हानियाको इरानी राजधानी तेहरानमा मृत्यु भएको हो ।

अन्वरले साझा गरेको पोस्ट 'खतरनाक व्यक्ति र संस्थाहरू' सँगको सम्बन्धका कारण इन्स्टाग्राममा हटाइएको थियो । अनवरको कार्यालयले मेटाको यो कदमलाई 'स्वतन्त्र अभिव्यक्तिको दमन' को रूपमा वर्णन गर्दै माफी माग गरेको थियो ।

*-हाम्रा कुरा डटकम*

# अनर एक्स ६ बी नेपालभर उपलब्ध



अनर एक्स ६बी नेपालभर उपलब्ध भएको छ । नेपालका लागि अनरको आधिकारिक वितरक सेलट्रोन नेपालले देशभर फोन उपलब्ध भएको बताएको छ । 'अख्खा ब्याट्री, अख्खा फिचस' ट्यागलाइन रहेको फोनको ब्याट्री लामो समयसम्म टिक्ने कम्पनीको दाबी छ ।

**के छन् फिचर :** एकपटक चार्ज गर्दा दुई दिन टिक्ने दाबी गरिएको अनर एक्स ६बीमा मिडियाटेक हेलियो जी ८५ चिप छ । ५२०० एमएएचको ब्याट्री रहेको फोनको दश प्रतिशत चार्ज रहँदा ब्याट्रीले १९ घण्टा स्ट्यान्डबाइ समय दिने जनाएको छ । ३५डब्ल्यू अनर सुपरचार्ज प्रविधि रहेको फोनमा टर्बो चार्जिङ मोड छ । दश मिनेटमा २० प्रतिशत चार्ज हुने अनर एक्स६बी एक हजार चार्ज साइकलपछि पनि ब्याट्रीको क्षमता ८० प्रतिशत रहने कम्पनीको दाबी छ । अनर एक्स६बी ६ देखि १२ जीबीसम्म बढाउन मिल्ने ऱ्याम र १२८ जीबी स्टोरेज छ । फोनमा ५० मेगापिक्सेलको एआई अल्ट्रा-क्लियर क्यामेरा छ । अगाडि भने पाँच मेगापिक्सेलको क्यामेरा छ । फोनमा ९० हर्ट्ज उच्च रिफ्रेस दरको ६.५६ इन्चको क्लियर डिस्प्ले छ । सनलाइट मोडमा ७८० निट्ससम्मको ब्राइटनेस रहेको कम्पनीले जनाएको छ । फोन खस्दा समेत सुरक्षा प्रदान गर्ने प्रविधि छ ।

**कति छ मूल्य ?**

तीन रंगमा उपलब्ध अनर एक्स६बीको ६ जीबी ऱ्याम र १२८ जीबी स्टोरेज रहेको भेरियन्टका मूल्य १६ हजार ९९९ रुपैयाँ छ ।

*-बाह्रखरी डटकम*

# युट्युबमा नयाँ फिचर



भिडियो स्ट्रिमिङ प्लाटफर्म युट्युबले एक नयाँ फिचरमा काम गरिरहेको छ, जसको नाम हो स्लीप टाइमर । हाल युट्युबका बीटा प्रयोगकर्ताका लागि परीक्षणका रुपमा उपलब्ध गराइएको यो फिचरले युट्युबमा चलिरहेको भिडियोलाई पूर्वनिर्धारित समयमा आफैं बन्द गराउँछ । समाचार अनुसार युट्युबको स्लीप टाइमर फिचर सुरुमा प्रिमियम प्रयोगकर्ताका लागि लञ्च गरिनेछ । यो फिचरमा एआईको प्रयोग हुनेछ । युट्युबले एउटा अर्को फिचरमा पनि काम गरिरहेको छ ।

जसबाट युट्युबका सामग्री सर्जकहरुले एआई प्लाटफर्म जेमिनीबाट भिडियो आउटलाइन तयार पार्न सक्नेछन् । यसका साथै जेमिनीको सहयोगबाट युट्युब भिडियोको विषयवस्तुको बारेमा अवधारणा र थम्बनेलका लागि समेत सुझाव प्राप्त गर्न सकिनेछ । युट्युबले नयाँ स्लीप टाइमर फिचरका बारेमा औपचारिक रुपमा जानकारी गराएको छ । जसमा भनिएको छ: अब तपाइँले कुनै भिडियोको प्ले ब्याक समय (अर्थात् भिडियो कतिबेर सम्म चलाउने) भन्ने कुरा आफै निर्धारण गर्न सक्नुहुन्छ । त्यसपछि तपाइँले तय गरेको समयसीमा सकिएसँगै युट्युबको उक्त भिडियो आफै रोकिनेछ ।

यो फिचर प्रयोग गर्नका लागि प्रयोगकर्ताले एक सेटिंग गर्नुपर्ने हुन्छ । त्यसक लागि स्मार्टफोन वा वेब भर्सनमा सेटिंग्स मेन्यूमा गएर भिडियो इन्टरफेस आइकनमा ट्याप गरी समय निर्धारण गर्न सकिन्छ । त्यहाँ स्लीप टाइमरका लागि १०, १५, २०, ३०, ४५ र ६० मिनेटको समयको विकल्प उपलब्ध हुन्छ ।

*समाचार अनुसार युट्युबको स्लीप टाइमर फिचर सुरुमा प्रिमियम प्रयोगकर्ताका लागि लञ्च गरिनेछ । यो फिचरमा एआईको प्रयोग हुनेछ । युट्युबले एउटा अर्को फिचरमा पनि काम गरिरहेको छ ।*

*जसबाट युट्युबका सामग्री सर्जकहरुले एआई प्लाटफर्म जेमिनीबाट भिडियो आउटलाइन तयार पार्न सक्नेछन् । यसका साथै जेमिनीको सहयोगबाट युट्युब भिडियोको विषयवस्तुको बारेमा अवधारणा र थम्बनेलका लागि समेत सुझाव प्राप्त गर्न सकिनेछ ।*

*-अनलाइन खबर डटकम*

